नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
टक्सार महाशाखा

सूचना

मिति २०८३/०७/१९

यस बैंकको मिति २०८३/०७/१८ को सूचना बमोजिम मौज्दात रहेसम्म मिति २०८३/०७/२० सम्म सुनको असर्फी तथा चाँदीका मेडालियन बिक्री गर्ने भनि प्रकाशन गरिएकोमा मिति २०८३/०७/१९ का दिन अत्याधिक मात्रामा ग्राहकको चाप भएकोले मिति २०८३/०७/२० को लागि सुनको मौज्दात अपर्याप्त हुने देखिएकोले उक्त मितिमा चाँदीका मेडालियन मात्र तपशिल बमोजिम बिक्री गरिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

- प्रति व्यक्ति चाँदीका मेडालियन १/१ थानका दरले (बढीमा दुई थान मात्र) मिति २०८३/०७/२० गते बिहान ११:०० बजेदेखि दिनको १:०० बजेसम्म (*मौज्दात कायम रहेसम्म*) पङ्क्तिबद्ध सेवाग्राहीहरुलाई बिक्री गरिनेछ ।
- मेडालियन खरिदका लागि नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्र वा उक्त कागजातको नम्बर उल्लेख भएको अन्य कुनै प्रमाणपत्रको प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ ।
- मेडालियन खरिदको लागि नगद वा QR मार्फत भुक्तानी गर्न सकिनेछ ।
- मेडालियनको मूल्य दैनिक रुपमा बिहानको करिब ११ बजे पश्चात् निर्धारण हुने भएकोले मूल्य निर्धारण पश्चात् मात्र बिक्री कार्य सुचारु हुनेछ ।